# १० सुसमाचार प्रचारमा फिलिप

*यस अध्यायका मूल पदहरू:* २ कोरन्थी ४:१८, प्रेरित २:४४-४७, प्रेरित ४:३४-३७, प्रेरित ६:१-७, प्रेरित ८, प्रेरित २१:७-१०।

*स्मरण गर्नुपर्ने मूल सार पद:* **"जब तिमीहरूमा पवित्र आत्मा आउँछ तब तिमीहरूले शक्ति पाउनेछौ। अनि तिमीहरूले यरुशलेममा मेरो निम्ति साक्षी हुनेछौ। सबै यहूदिया र सामरियामा तिमीहरू मेरा साक्षीहरू हुनेछौ। संसारको एक कुनादेखि अर्को कुनासम्म तिमीहरू मेरा साक्षी हुनेछौ।" (प्रेरित १:८ रूपान्तरित)।**

**क्रुसको मृत्युबाट बौरि उठ्नुभएपछि र स्वर्गमा उक्लनुभन्दा पहिले आफ्ना चेलाहरूसँग ४० दिन प्रतक्ष्य र अप्रतक्ष्यरूपमा रहनुहुँदा उहाँले एक मूल लक्ष्य बोक्नुभएको थियो: त्यो थियो सारा विश्वमा सुसमाचारको प्रचार होस् भनेर चेलाहरूले आत्मसात् गरून्।** येशूले आफ्ना चेलाहरूलाई सुसमाचार स्थानीय जात तथा राष्ट्रमा मात्र सिमित नराखी संसारमा गएर सुनाऊ भनेर दिनुभएको निर्देशन कमसेकम पाँच पल्ट दिनुभएको थियो भनेर नयाँ करारले बताउँछ: मत्ती २८:१८-२०, मर्कूस १६:१५, लूका २४:४७-४९, यूहन्ना २०:२१ र प्रेरित १:५-८। ती सबै पदहरूलाई एकै थलोमा राखिन्दा प्रत्येक व्यक्ति जो "म इसाई हुँ वा येशूभक्त हुँ" भनेर दावी गर्छ उसलाई अत्यन्त महान् गरिमामय कार्यभार सुम्पिएको पाउँछौं। येशूले बोकाउनुभएको निर्दिष्ट जिम्मेवारी वा ठोस काममा यरुशलेमलाई आधार शिविर वा मूख्यालय बनाएर यहूदिया, सामरियामा र अन्तमा सारा संसारको प्रत्येक कुनाकाप्चामा सुसमाचार सुनाउने निर्देशन थियो (आग्रह होइन)। तत्कालिन येशूका उपासकहरूले वा इसाईहरूले त्यस निर्देशनलाई गम्भिररूपमा लिएर त्यो काम सम्पन्न गर्न यत्रतत्र छरिएका थिए।

भौगोलिक नक्सालाई लिएर देशविदेशमा सुसमाचार प्रचार गर्ने सुसमाचार प्रचारक फिलिपले गरेका योजना उनको निम्ति अत्यन्त महत्त्वपूर्ण लक्ष्य थियो। प्रेरित ८कै अनुसार उनको काम यरुशलेमबाट फराकिलो पार्दै बाहिरी घेरामा पनि पुगेका थिए। त्यसको अर्थ समय

बित्दै जाँदा सुसमाचार प्रचार गर्ने काम टाढा टाढा हुँदै विश्वमा फैलिन थालेको थियो।

यथार्थमा सुसमाचार प्रचारक फिलिप को थिए त? चर्चको सुरुवातमा उनले खेलेको भूमिकाले गर्दा उनी को हो र कस्तो काम गरे भनेर परमेश्वरको वचनले नै कसरी बताउँछ सो नियाल्ने यस अध्यायमा प्रयास गर्नेछौं। अन्तमा सुरूको शताब्दीमा जुन् सुसमाचारिय काम भएको बाइबलले लेखा राखेको छ त्यसबाट हामी आफैको निम्ति के पाठहरू सिक्न सक्छौं सो छलफल गर्नेछौं।

## १. सुसमाचार प्रचारक फिलिप (२ कोरन्थी ४:१८)

**पावलले २ कोरन्थी ४:१८मा व्यक्त गरेको वचनलाई यस अध्यायमा फिलिपको बारेमा अध्ययन गर्दा सोचौं। त्यसमा लेखिएको छ "१८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।" यथार्थमा फिलिपको बारेमा हामीलाई थोरैमात्र जानकारी छ किनभने बाइबलमा उनको बारेमा केवल केही पदहरूमा मात्र उल्लेख गरिएको छ। उनको बारेमा थोरै जानकारी हामीलाई भएतापनि उनले धेरै असल कामहरू गरेका थिए। के तपाईंको जीवनमा यस्ता मानिसहरूलाई भेट्नुभएको छ जसले परमेश्वरका निम्ति धेरै असल कामहरू गरे तर तिनीहरू अनामिका भएर बसेका छन् वा तिनीहरूले जस वा सम्मान पाएका छैनन्? हामीहरूले गरेको कामप्रति अरूले मूल्याङकन नगरेतापनि, हामीहरूलाई हामीहरूको कामले गर्दा कसैले पदोन्नती नदिएतापनि, कसैले श्यावास नदिएतापनि वा कसैले जस नदिएतापनि परमेश्वरको निम्ति काम गर्न निरन्तरता जारी राख्नुपर्छ भनेर पावलले व्यक्त गरेको नीति हामीहरूको हृदयमा राखिराख्नु अत्यन्त जरुरी छ भनेर कसरी पचाउने? यही सन्दर्भमा २ कोरन्थी ४:१३ पनि पढ्नुहोस्: "१३ "मैले विश्वास गरें, यसकारण म बोलें" भन्नेकै आत्मा हामीमा भएको हुनाले हामी पनि विश्वास गर्छौं, र हामी बोल्छौं।"**

युनान अर्थात् ग्रीक (पश्चिमी राष्ट्र) देशमा फिलिप लोकप्रिय नाउँ थियो। त्यसको अर्थ "घोडा मनपर्ने" हो। नयाँ करारमा चार जना मानिसहरूलाई त्यही नाउँले सम्बोधन गरेको पाइन्छ। हेरोद बंशका दुई जना "हेरोद" नाउँ गरेका शासकहरूको नाउँमा फिलिप गाँसिएको

थियो। तिनीहरूले इस्राएलमा निरंकुष तरिकाले राज गरेका थिए भनेर नयाँ करारको समयमा भएको इतिहासले बताउँछ। बाँकि दुई जना फिलिप परमेश्वरको सुसमाचार प्रचार गर्ने काममा अति उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ।

प्रथम् फिलिप बेथशैदा भन्ने गाउँबाट आएका येशूका चेला थिए। उनले नै नाथनियललाई येशूकहाँ ल्याएका थिए (यूहन्ना १:४३-४६)। पछि उनैले ग्रीक अर्थात् विदेशीहरूलाई येशूकहाँ पुऱ्याएका थिए (यूहन्ना १२:२०,२१)।

दोस्रो फिलिप प्रेरित २१:८ले सुसमाचार प्रचारक भनेर सम्बोधन गरिएको छ। त्यस प्रचारक भनेर ठम्याएको कारण उनी येशूका बाऱ्ह चेलाहरूमा समाबेश भएका फिलिप भन्दा अर्कै थियो भनेर देखाउनको लागि हो। उनको नाउँ प्रेरित ६:२-५मा प्रथम् पटक उल्लेख गरिएको थियो। त्यस बेला उनी खानेकुराहरू पाहुना वा ग्राहकहरूकहाँ पुऱ्याउने काम गर्दथे। अर्थात् उनी वेटर थिए  जो पछि येशूलाई विश्वास गरेपछि सुसमाचार प्रचारक र आफ्नो घरबाट बाहिर गएर सुसमाचार प्रचार गर्ने व्यक्ति अर्थात् मिसिनेरी भए (प्रेरित ८:१२)। उनका चार जना छोरीहरू थिए। तिनीहरू पनि आफ्नो बाबुको काममा साथ दिएका थिए। तिनीहरूलाई भविष्यवक्ता भनेर पनि सम्बोधन गरिएको थियो किनभने परमेश्वर तिनीहरूबाट बोल्नुभएको थियो। तर त्यो भन्दा बेसी फिलिपको पृष्ठभूमी वा परिवारको बारेमा हामीलाई जानकारी छैन।

"सामरितनहरूलाई (यहूदीहरूले अछुत मानेका जाति) सुसमाचार सुनाउने व्यक्ति फिलिप नै थिए। त्यही फिलिपले इथियोपिया देशको नपुंसक अर्थ मन्त्रीलाई बप्तिस्मा दिन आँट गरेका थिए। केही समयसम्म परमेश्वरका ती दुई सहकर्मीहरू (फिलिप र पावल) संगसंगै मिलेर सुसमाचार प्रचार गर्ने काममा संलघ्न भएका थिए भनेर इतिहासले बताउँछ। सुरूमा अतिवादी धर्मगुरू अर्थात् फरिसी पावलको आतङ्ककारी गतिविधिको कारणले यरुशेलमको चर्च तितरबितर भएको थियो। यरुशलेमबाट फिलिप भाग्नु परेको थियो र आफ्नो पेशा पनि परिवर्तन गर्नुपरेको थियो। पावललाई जस्तै परमेश्वरको बोलाहतलाई स्वीकार गरेकोले नै आफ्नो जीवन उहाँलाई सुम्पेका थिए। दुबै जना पावल र फिलिप एक भएर धेरै समयसम्म परमेश्वरको काममा हातेमालो गरेर

उहाँको निम्ति फलिफाप जीवन बिताएका थिए। ती दुवै जनाको हृदयमा मर्दै गरेका शहीद स्टिफनको स्वर्गबाट चम्किएको प्रजल्वित अनुहारलाई हेरेको सम्झना झलझलती चम्किरहेको थियो। त्यही ज्योतिले सावलको हृदयलाई परिवर्तन गरेको थियो। त्यही सावल जसले इसाईहरूप्रति कठोर भएर तिनीहरूलाई जेलमा हाल्दै यातना दिँदै मारेका थिए पछि उनी पावल हुन पुगेका थिए। ती दुवै जनाले यो पनि सम्झेका थिए कि त्यही ज्योतिले निरिह अर्थात् असहाय भएको पावललाई येशूको पाऊमा ल्याएका थिए।"-एलेन जी ह्वाइट, *स्केचेस् फ्रम द लाइफ अब पावल,* पृ. २०१४बाट रूपान्तरित।

## २ भान्सामा खानेकुराहरू बाँड्ने (प्रेरित २:४४-४७, प्रेरित ४:३४-३७)

सुरुमा सबै विश्वासीहरू कसरी एकै मनका भएर एकजुट भएर सुसमाचारको प्रचार गरिन्थे भनेर देहायका पदहरूले चित्रण गर्दछ? हेर्नुहोस्: "४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" (प्रेरित २:४२-४७)। र "३२ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे। ३६

अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), ३७ उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।" (प्रेरित ४:३२-३७)।

सुरू सुरूमा (एक भएर एकै मनका भएर चल्दा स्वर्गको अनुभूति भइरहेको आभास् चर्चका विश्वासीहरूले पाएका थिए) विश्वासीहरूको जीवन अत्यन्त सौहार्दपूर्वकले बिताएका थिए। तर पछि गएर त्यहाँ तनावको स्थिति खडा भयो र सबै जनाको एकता भत्किन थालेको थियो।

येशूमा अन्यन्त हर्षोल्लास बिताएका इसाईहरूको बीचमा कस्ता समस्याहरू देखा परे भनेर प्रेरित ६:१-७मा औंल्याउँछन्? ती समस्याहरूलाई चर्चमा विश्वासीहरू एकजुट भएर सुल्झाएका थिए? हेर्नुहोस्: "१ ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। २ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्‍वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। ३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" ५ यो कुरा समूहका सबैलाई मन पर्‍यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्‍वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। ६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे। ७ परमेश्‍वरको वचन बढ्दैगयो, र चेलाहरूको संख्या यरूशलेममा अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्‍वासलाई ग्रहण गरे।"

यरुशलेमको चर्चमा अन्धाधुन्ध विश्वासीहरू बढेकोले सामाजिक तथा संस्कारका समस्याहरू चर्चमा उत्पन्न भएका थिए। ती समस्याहरू सुल्झाउन चर्चले एक कार्यदल नियुक्त गरेको थियो। त्यसमा फिलिप

पनि समावेश भएको थियो। चर्चमा धेरै खालका मानिसहरू आआफ्ना आस्था परिवर्तन गरेर आउन थालेका थिए। तिनीहरूमा अशिक्षित, गरिब र अन्य जाति वा विदेशीहरू पनि थिए। तिनीहरू सबै जना एकै ठाउँमा भेला भएर दिनदिनै खाना खान्थे। त्यसले ठूलो समस्या उत्पन्न गराएको थियो। त्यहाँ उब्जेका केही मागहरूलाई सुल्झाउन चर्चका अगुवा अर्थात् चेलाहरूको सामु राखे। येशूलाई विश्वास गर्ने यहूदि जातिले भन्दा विदेशी जाति वा ग्रीक भाषा बोल्ने बिधुवा विश्वासीहरूले कम खानेकुरा पाए भनेर गुनासो गरे। त्यो अत्यन्त संवेदनशी विषय थियो किनभने हिब्रू भविष्यवक्ताहरूले टुहुरा र विधवाहरूलाई वेवास्ता नगर्न निर्देशन दिएका थिए।

त्यो समस्याको समाधान गर्न बाह्रैजना प्रेरितले विश्वासीहरूलाई एकत्रित पारेर सात जना मानिसहरूलाई नियुक्त गर्न प्रस्ताव राखे। ती मानिसहरूमा हुनु पर्ने गुणहरू पनि ठम्याएका थिएः तिनीहरू पवित्र आत्माले भरेको हुनुपर्छ, आत्मज्ञान अर्थात् बुद्धिले भरेको र आदर पाएकाहरू। तिनीहरूले खानेकुराहरू बाँड्न रेखदेख गर्नेछन् वा सेवा गर्नेछन् ताकि १२ जनाले केवल परमेश्वरको वचन प्रचार गर्नमात्र तल्लिन हुनसकुन् (प्रेरित ६:३,४)। (ग्रीक भाषामा डिकन गर्नु भनेको सेवा गर्नु हो। त्यसकारण चर्चमा डिकन हुनु भनेको चर्चमा सेवा गर्ने वा सहायता गर्ने व्यक्ति भनेर जनाउँछ)। सातै जना डिकन अर्थात् चर्चको सेवा वा व्यवस्थापनमा संलघ्न हुने व्यक्तिहरूको नाउँ ग्रीक थिए। (हुनसक्छ तिनीहरू यहूदि जाति भन्दा बाहिरका अर्थात् विदेशी विश्वासीहरू थिए)। ग्रीक भाषा बोल्ने वा यहूदि जाति भन्दा बाहिरका विश्वासी विधुवाहरूलाई सेवाटहल गर्नु आवश्यक भएको चेलाहरूले महसुस गरेको हुनुपर्छ। सात जना नियुक्ती पाउनेहरूमा फिलिप पनि थिए। बाइबलमा उनको नाउँ पहिलो पल्ट त्यहीँ देखिएको छ।

यो पनि उल्लेखनीय सोच हो कि सुसमाचार प्रचारको काममा खटिन्दा धेरै मानिसहरू चर्चमा जम्मा हुन थाले र त्यहाँ विभिन्न कामको जिम्मेवारी पनि बढ्न थालेको थियो। त्यसकारण केवल बाह्र जनाले मात्र काम गरेर भ्याउँदैन र तिनीहरूलाई सघाउन अरू अगुवाहरू चुन्नुपर्छ भनेर ती चेलाहरूले गरेको गुनासो जायज थियो। तिनीहरूलेमात्र सुसमाचार प्रचार गर्ने ज्यादा काम गर्नु उचित नभएको

तिनीहरूको ठहर थियो। यदि चर्चमा व्यवस्थित ढँगले अगुवाहरू चुनेर विभिन्न काममा बाँडफाँड गरे केवल परमेश्वरको वचन बाँड्न र प्रार्थना गर्न आफूहरूलाई समर्पण गर्न तिनीहरूलाई बोलाइएको हो भनेर ती चेलाहरूको माग थियो।

**तपाईंको स्थानीय चर्चमा के कस्ता गम्भिर समस्याहरू देखा परिरहेका छन्? परमेश्वरले तपाईंहरूलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ जसले गर्दा चर्चको काम सजिलो हुनसकोस्?**

## ३. सामरियामा फिलिप (प्रेरित ८:१-६)

भविष्यका कर्मठ प्रेरित पावल सबभन्दा पहिला देखा परेका थिए स्टिफनको शरीरमा पत्थर बर्षाउँदा। स्टिफन इसाई जगतको प्रथम् शहीद हुन पुगेको थियो। उनी चर्चको व्यवस्थापनलाई सघाउने डिकन थिए। तर चर्चप्रति आक्रामक भएको कारण सुसमाचार प्रसार गर्न चर्च छरिन पुगेको थियो।

**यरुशलेममा चर्चप्रति गरिएको आक्रमणको नतिजा के भएको थियो भनेर प्रेरित ८:१-६ले यसरी बताउँछः "१ तिनको (स्टिफन)** हत्यामा शाऊल पनि सहमत थिए। त्यसै दिन यरूशलेममा भएका **मण्डलीको विरुद्धमा ठूलो सतावट सुरु भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहूदिया र सामरियाका इलाकातिर छरपष्ट भए। २ भक्तजनहरूले** स्तिफनसलाई लगेर गाड़े, र तिनको निम्ति ठूलो विलाप गरे। ३ तर **शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए। तिनले पुरुष र स्त्रीहरूलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे।** ४ तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे। ५ **फिलिपचाहिँ सामरियाको एउटा सहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे। ६ फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर, भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए।"**

छरपस्त भएका विश्वासीहरूबाट सुसमाचार फैलाउने काम यरुशलेमको भौगोलिक क्षेत्रबाट पहिले सामरियामा पुगेका थियो। सामरीहरू यहूदिहरूबाट नै आएका हुन् भनेर तिनीहरू विश्वास गर्दथे। जब ई,पू, ७२२मा असेरियाले प्रायजसो धेरै यहूदि वा इस्राएलीहरूलाई बन्धक बनाएर लगेका थिए त्यसबेला छोडिएका यहूदीहरूचाहीँ सामरी बन्न पुगेका थिए भनेर तिनीहरू भन्दछन्। तर सामरीहरू बिदेशीहरू

हुन् जसलाई असेरियाले जबरजस्ती बसोबास गर्न लगाएको थियो भनेर यहूदीहरू दावी गरेका थिए। नयाँ करारमा यहूदि र सामरीहरूको बीचमा भएको सम्बन्ध समस्या नै समस्याहरूले भरिएको थियो। तिनीहरू एक आपसमा झगडा गर्थे र लडाइँ गर्थे। जब इनारमा पानी लिन आएकी सामरी स्त्रीसँग येशूले कुरा गर्नुभयो तब यहूदि र सामरीको बीचमा भएको पर्खाल भत्काएर सुसमाचारको निम्ति ढोका खोल्नुभएको थियो। आफ्ना जातिलाई सुसमाचार प्रचार गर्ने पहिला प्रचारक त्यही सामरी स्त्री हुन पुगेकी थिइन्।

परमेश्वरले भान्सामा सघाउन फिलिपलाई बोलाउनुभएको थियो। अब सामरीहरूकहाँ गएर प्रचारक हुन उनलाई बोलाइयो। विश्वासीहरूप्रति आक्रामक भएको बेलामा फिलिप यरुशलेमबाट भागेका थिए। तर उनी चुप लागेर बसेनन्। यहूदि र सामरीहरूले अपेक्षा गरेको मसीह, येशू ख्रीष्ट नै हुन् भनेर यहूदि र सामरीहरूको बीचमा उनले प्रचार गरे (प्रेरित ८:५,१२ रूपान्तरित)।

**सामरियामा गरेको फिलिपको प्रचार कतिको सफल थियो भनेर प्रेरि ८:६-१७मा कसरी बताउँछ? हेर्नुहोस्: "४ तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे। ५ फिलिपचाहिँ सामरियाको एउटा सहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे। ६ फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर, भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए। ७ किनकि धेरै जनाबाट अशुद्ध आत्माहरू ठूलो सोरले चिच्च्याउँदै निस्कन लागे, र धेरै जना पक्षाघातका रोगीहरू र लङ्गड़ाहरू पनि निको पारिए। ८ यसरी त्यस सहरमा ज्यादै आनन्द भयो। ९ सिमोन नाउँ भएको एक जना मानिस त्यहाँ थियो। त्यसले अगाडिदेखि नै त्यस सहरमा जादूगरी गरेर सामरियाका मानिसहरूलाई आश्चर्यचकित पारेको थियो, र आफूलाई मै हुँ भनी ठान्दथियो। १० त्यस मानिसलाई सानादेखि ठूलासम्म सबैले यसो भनेर मान्थे, "यो मानिस परमेश्वरको त्यो शक्ति हो, जसलाई महाशक्ति भनिन्छ।" ११ तिनीहरूले त्यसलाई मान्थे, किनभने धेरै समयदेखि त्यसले आफ्नो जादूगरीले मानिसहरूलाई आश्चर्यचकित पारिराखेको थियो। १२ तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए।**

**१३ सिमोन आफैले पनि विश्वास गऱ्यो। त्यसले बप्तिस्मा लियो, र त्यो फिलिपसँग लागिरह्यो, र चिन्हहरू र ठूला-ठूला अचम्मका काम गरेको देखेर त्यसलाई आश्चर्य लाग्यो। १४ सामरियाका मानिसहरूले परमेश्वरको वचन ग्रहण गरे भन्ने सुनेर यरूशलेममा रहेका प्रेरितहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए। १५ उनीहरू त्यहाँ आएर तिनीहरूले पवित्र आत्मा पाऊन् भनेर तिनीहरूका निम्ति प्रार्थना गरे। १६ किनकि त्यतिञ्जेलसम्म तिनीहरूमध्ये कुनैमाथि पनि उहाँ आउनुभएको थिएन। तिनीहरूको बप्तिस्मा प्रभु येशूको नाउँमा मात्र भएको थियो। १७ तब उनीहरूले आफ्ना हात तिनीहरूमाथि राखे, र तिनीहरूले पवित्र आत्मा पाए।"**

विदेशमा येशूको सुसमाचार प्रचार गर्नको निम्ति परमेश्वरले फिलिपलाई अत्यन्त प्रभावकारी रूपमा प्रयोग गर्नुभएको थियो। यूहन्ना ४:९मा उल्लेखित यहूदिहरूसँग सामरीहरूको कुनै कारोबार थिएन भन्ने अभिव्यक्त अब सत्य भएन। अब त्यो कुरो पुरानो इतिहास भइसकेको थियो।

**तपाईंको मन वा दिमागमा अरू जाति, समूह वा मानिसप्रति कस्तो नकारात्मक र पूर्वाग्रहले विषाक्त पारेको छ जुन् "पुरानो इतिहास" हुन जरुरी छ? के त्यसलाई हटाउन जरुरी छैन र?**

## ४. इथियोपियाको अर्थ मन्त्रीको साथमा (प्रेरित ८:२६-३९)

प्रेरित ८:२६-३९ अनुसार फिलिपले इथियोपियाको आर्थिक प्रशासकलाई येशूको बारेमा प्रचार गर्न पुगेका थिए। त्यसको अर्थ संसारको अन्तमा सुसमाचार सुनाउने निर्देशनलाई (प्रेरित १::८) पालन गर्न फिलिपले पहिलो कदम चालेका थिए भनेर देखाउँछ। गाजा क्षेत्र र सामरियामा सुसमाचार जोड्ने काम फिलिपले गरेका थिए। यरुशलेमको उत्तरमा रहेको सामरियाबाट फिलिपलाई गाजामा बोलाइएको थियो। उत्तरमा फिलिपले एउटा समूहमा सुसमाचार प्रचार गर्न ध्यान दिएका थिए। तर गाजाको दक्षिणतिर उनले व्यक्ति व्यक्तिलाई सुसमाचार सुनाउन पुगे। सामरियामा फिलिपले बाइबलका शास्त्रहरूमा मोशाको केवल पाँच पुस्तकहरूबाट मात्र प्रचार गर्न सक्थे। किन त? किनभने सामरीहरूले बाइबलको अरू पुस्तकहरूलाई **धर्मशास्त्र भनेर** स्वीकार गरेका थिएनन्। तर गाजामा फिलिपले यशैयाको पुस्तक पनि प्रयोग

गर्न सक्थे। त्यो पुस्तक ग्रीक वा युनानी भाषामा अनुवाद गरिएको हुनुपर्छ।

**प्रेरित ८:२६-३९ पढेर देहायका प्रश्नहरूको जवाफ दिन खोज्नुहोस्: अ. इथियोपियनले यशैयाका के पदहरू पढिरहेका थिए? उनले पढेको सामग्री फिलिपको निम्ति किन उपयुक्त साबित भयो जसले गर्दा त्यस मानिसलाई सुसमाचार सुनाउन अवसर मिल्न पुग्यो? आ. सामरियामा फिलिपले आश्‍चर्य काम गर्न मौका पाएका थिए (प्रेरित ८:६)। तर इथियोपियनसँग केवल बाइबलमात्र अध्ययन गरेका थिए। जब हामी अरूहरूसँग सुमाचारको काम गर्दा त्यसबाट हामीले के विषयलाई सिक्न सक्छौं? हेर्नुहोस:**

"२६ त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।" २७ अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। २८ उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। २९ तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" ३० फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, "तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ?" ३१ तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" अनि तिनले फिलिपलाई रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। ३२ अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेड़ा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन। ३३ उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।" ३४ तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा?" ३५ तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए। ३६ अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा

**ठाउँनेर आइपुगे। ती नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?" [ ३७ फिलिपले भने, "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।" तिनले जवाफ दिए "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु।"] ३८ तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए। ३९ तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे।" (प्रेरित ८:२६-३९)।**

यशैया ५३:७,८ पढिरहेको इथियोपियन खजाञ्चीलाई येशूको बारेमा व्याख्या गरेपछि र बप्तिस्मा दिएपछि परमेश्वरको आत्माले फिलिपलाई फेरि अन्तै खटाउनुभएको थियो। त्यस नयाँ विश्वासीलाई येशूको बारेमा अरू शिक्षादीक्षा दिने अवसर फिलिपलाई मिलेको थिएन। अफ्रिकाको संस्कृतिको परिधिमा नै रहेर त्यस इथियोपियनले ख्रीष्टलाई त्यतिकै विश्वास गर्न पुग्नुपरेको थियो। पुरानो करार र परमेश्वरको आत्माले त्यस इथियोपियन प्रशासकको हृदयमा काम गरिरहेका थिए किनभने उनले बाइबल पढ्न मन पराएका थिए। उनी परमेश्वरको उपासक थिए र परमेश्वरको वचन बाइबलमाथि विश्वास गर्ने व्यक्ति थिए।

**फिलिपले पुरानो करारको अत्यन्त उल्लेखनीय पदहरू जसमा येशूको मृत्युको बारेमा भविष्यवाणी लेखिएको थियो त्यस इथियोपियनलाई व्याख्या गरेका थिए। संसारलाई हामीले दिने शुभःसन्देशमा येशूको जीवन, मृत्यु र पुनरुत्थान नै मूल समाचार किन हुनुपर्छ? येशू बिना हामीहरूको सन्देश सुनाउने औचित्य के छ र?**

## ५. फिलिपः प्रचारक, बाबु र अतिथी सत्कारक (प्रेरित ८:४०)

परमेश्वरको काम गर्न चुनिएको भनेर फिलिपको बारेमा स्पष्टसँग भन्न सकिन्छ। "परमेश्वरको आत्माले फिलिपलाई पकडेर लगे" (प्रेरित ८:३९) भन्नुको अर्थ के हो भनेर बाइबलका विभिन्न चिन्तकहरूले विभिन्न तर्क गरेको पाइन्छ। के फिलिपलाई अजोटसमा (पद ४०) जान भनिएको हो? वा अचम्म तरिकाले उनलाई त्यहाँ लगिएको हो? जे भएतापनि हामीले सम्झनुपर्ने कुरो हो कि फिलिप

पवित्र आत्माले भरिएको मानिस थियो। त्यसैकारण परमेश्वरको निम्ति महान् काम गर्न उहाँले उनलाई प्रयोग गर्न सक्नुभएको थियो।

**फिलिपलाई सुसमाचार प्रचारक वा इभान्जिस्ट भनेर नामाङ्करण किन गरिएको रहेछ भनेर प्रेरित ८:४०ले हामीलाई कसरी बुझाउन खोजेको छ? हेर्नुहोस् " तर फिलिप अश्दोदमा देखा परे, र कैसरिया नपुगुञ्जेल सबै सहरहरूमा सुसमाचार सुनाउँदै गए।"**

**प्रेरित २१:७-९मा थोरै पदहरू फिलिपको बारेमा उल्लेख गरेतापनि उनको बारेमा हामीले के सिक्न सक्छौं? हेर्नहोस्ः "७ टुरोसबाट समुद्र-यात्रा गरी हामी टोलेमाइसमा आइपुग्यौं। त्यहाँ भाइहरूलाई अभिवादन गरी तिनीहरूसँग एक दिन बस्यौं। ८ भोलिपल्ट हामी बिदा भएर कैसरियामा आयौं, र प्रचारक फिलिपको घरमा पस्यौं। तिनी ती सात जनामध्ये एक थिए, र हामी तिनीसँग बस्यौं। ९ अगमवाणी बोल्ने तिनका चार जना अविवाहित छोरीहरू थिए।"**

फिलिप विवाहित व्यक्ति र चार जना अविवाहित छोरीहरू भएको प्रचारक थिए भनेर उपरोक्त पदले खुलासा गरेको छ। फिलिपलाई सुसमाचार प्रचार गर्न नियुक्त गरिएको कारणले उनी धेरै यात्रा गर्नु परेको थियो। उनको यात्राको बारेमा हामीलाई जानकारी छः उनी यरुशलेमबाट सामरियामा गएका थिए, अनि गाजा, अनि समुद्रको किनारामा भएका अजटोस वा अक्सटोस र सिजरियाका शहरहरू जुन् ८० माइलको हाराहारीमा पर्छ। त्यहाँबाट फिलिप कहाँकहाँ गए भनेर सबै तोकिएको छैन। कुनै पनि अग्रज प्रचारकहरू वा पाइनर मिशिनेरीहरू जस्तै उनले पनि अनेकन् दुःख भोगेको हुनुपर्छ। सर्वप्रथम् त उनी यरुशलेमबाट भागेर भुमिगत हुन पुगेका थिए। साथै उनमाथि आक्रामण गरियो होला, उनी हताशनिराश भए होलान्, आफ्नो यात्राको दौरानमा आअनेकन् तलमाथि अनुभव गरे होलान्। त्यसको बाबजुद पनि फिलिपले आफ्नो घरपरिवारलाई थामेका थिए। उनले आफ्नी छोरीहरूलाई यस्तरि हुर्काए कि तिनीहरू अगमवाणीको बरदान पाउन योग्य भएको पवित्र आत्माले देखेका थिए। सुरूको इसाई प्रचारक परिवार कस्तो सही ईश्वर भक्त थिए र आमाबाबुले कसरी सही ढँगमा आफ्ना छोरा छोरीहरूलाई हुर्काए भनेर उपरोक्त पदले पुष्टि गर्दछ।

फिलिपको घरमा पावल प्रेरित धेरै दिनसम्म बसे भनेर प्रेरित २१:८-१०ले बताउँछ। २५ वर्ष अघि त्यही पावल इसाईहरूको बिरुद्धमा अत्यन्त आक्रामक नीति लिएर तिनीहरूलाई सास्ती दिएका थिए (प्रेरित ९:१,२)। यरुशलेममा रहेका इसाईहरूप्रति उनकै आक्रमणलाई सहन नसकेर फिलिप सामरियामा भागेका थिए (प्रेरित ८:१-५)। अब धेरै वर्षपछि फिलिमको घरमा पावलको भेटघाट हुन्छ र धेरै दिनसम्म पावललाई आफ्नै घरमा पाहुना गरेर राख्छन्। जब येशूमा सहकर्मी भएर एकजुत हुन्छन् उपरोक्त तब के हुनेरहेछ भनेर त्यस कथाले हामीलाई कस्तो घटलाग्दो अमूल्य पाठ सिकाउँदो रहेछ? (यदि फिलिपमको आफ्नै घर नभएको भए पावल कहाँ बस्नु पर्थे होला?-अनुवादकको जिज्ञासा)।

**हामीहरूले अरूको निम्ति काम गर्दा वा सुसमाचार प्रचार गर्दा हामीहरूको प्रथम् जिम्मेवारी वा परिवारप्रति हामीहरुको कर्तव्यलाई कहिलै पनि किन बिर्सनुहुन्न?**

## उपसंहारः

**थप जानकारीः** "येशूप्रतिको आस्थामा भर्खर उदय हुन थालेको समयमा ठूलो सतावतको सामना गर्नु परेको थियो जसले गर्दा चेलाहरू तितरवितर हुन पुगेका थिए। तै पनि सुरूका विश्वासीहरूले आफूहरूसँग भएको सुसमाचारको जोशलाई निभाएन तर भरिपूर भएर भागाभाग भएका थिए। आफूहरू जहाँ भएतापनि आफूहरूको कर्तव्य वा लक्ष्य के हो भनेर तिनीहरूले थम्याएका थिए। आफूहरूसँग भोकाएको संसारको निम्ति आफ्नो हातमा जीवनको रोटी थियो भनेर तिनीहरूले महसुस गरेका थिए। अनि आवश्यक भएका सबैलाई त्यस जीवनको रोटी भाँचेर दिन ख्रीष्टको प्रेमले परिचालित भएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स,, पृ. १०६बाट रूपान्तरित।

"जब येशूका चेलाहरूलाई यरुशलेमबाट भाग्नु परेको थियो कोहीले सामरियामा सुरक्षित हुन पुगे। सामरीहरूले सुसमाचारका सन्देशवाहकहरूलाई स्वागत गरेका थिए। त्यहाँ यहूदीइसाईहरूले एक फेरा तिरस्कृत र शत्रु जाति मानिएका जातिको बीचमा सुसमाचार प्रचार गरेका थिए र  परमेश्वरको निम्ति ठूलो कटानी गर्न सफल भएका

थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्, पृ. १०६,१०७बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. मानिस मानिसको बीचमा भएका अनेकन् पर्खालहरू सुसमाचारले भत्काउँछ भनेर हामीले हेऱ्यौं। झट्ट हेर्दा यो अत्यन्त रमाइलो र सिद्ध मार्ग इसाईले ओगटेको जस्तो देखिन्छ होइन र? तर समय समयमा हेर्दा त्यस विषयमा सत्य अनुभव फरक भएको पाइन्छ। हामी मानव भएको नाताले र हामी इसाई भएको नाताले हामीमा कस्तो अनुभव हुनुपर्छ जसले गर्दा हामी क्रुसको सामु बराबर छौं भन्ने नीतिलाई असलीरूपमा बुझ्न सक्षम् हुन्छौं? कतिपय समयमा संस्कृति, संस्कार, सामाजिक प्रतिष्ठा, पूर्वाग्रह, जाति र शिक्षित अशिक्षितको बीचमा तितो पर्खाल इसाई भनेकाहरूकै माझमा पनि उभ्याइरहेको पाउँछौं। विश्वव्यापी सेभेन्थ-डे एडभेन्टिस्टहरूमा त्यस्तो खालको पूर्वाग्रले ग्रसित पर्खाल अमान्य छ भनेर कसरी देखाइरहेकाछन्?

**आ। सुरूको चर्चलाई आक्रमण गरेकोले विश्वासीहरू भागाभाग हुनुपरेको थियो भनेर हामीले पढयौं। तर सुसमाचारको प्रचार यस्तरी विस्तारित भयो कि यदि इसाईहरूमाथि हमला नगरेको भए शायद हुनसक्ने थिएन होला। ती आक्रमणबाट पनि परमेश्वरले असल कुरो ल्याउनुभएको थियो। तर धर्मको नाउँमा आक्रमण हुनु कहिलै पनि असल हुँदैन र ठीक छैन भनेर हामीले स्वीकार गर्नैपर्छ। विभिन्न धर्मका कतिपय मानिसहरू अतिवादी भएर अरूलाई हमला गर्ने नीतिप्रति हामीहरू किन सहमत हुनुहुँदैन चाहे ती धर्मप्रति हाम्रो आस्था नभएतापनि? लुका ६:३१को नीतिलाई हामीले कसरी सम्हाली राख्ने? हेर्नुहोस्: "जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै गर।"**